सभाध्यक्ष महोदय,

१ फलेवास नगरपालिकाको गरिमामय एघारौँ नगर सभामा नगरको आर्थिक वर्ष २०७९/८० को वार्षिक वजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित महसुस भएको छ ।

२ सर्वप्रथम राष्ट्रियता, राष्ट्रिय स्वाधिनता, समावेशी र सामाजिक न्यायसहितको शान्तिपूर्ण र समतामूलक समाज निर्माण गर्ने उद्देश्यले विभिन्न समयका भएका आन्दोलन र हालसम्मको राजनीतिक परिवर्तका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै मुलुकको राजनीतिक, आर्थिक एवम् सामाजिक परिवर्तनका लागि सात दशक लामो समयसम्म भएका विभिन्न आन्दोलन एवम् संघर्षहरुमा युगान्तकारी र गौरवपूर्ण भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण अग्रजहरुलाई स्मरण गर्दै हार्दिक सम्मान प्रकट गर्दछु ।

३ यस सन्दर्भमा फलेवास नगरबासी सम्पूर्ण आमा बुबा, दिदीबहिनी र दाजुभाइहरुको लोकतन्त्रप्रतिको निष्ठा, त्याग, समर्पण र संघर्षप्रति आभार व्यक्त गर्दै लोकतन्त्रलाई थप जीवन्त, गतिशील र प्रभावकारी बनाउन समावेशी लोकतान्त्रिक गणतन्त्र मार्फत समृद्ध फलेवास निर्माण गर्न थप उर्जा र प्रेरणा सहित क्रियाशील हुन र आवश्यक सहयोग एवम् सहकार्यका लागि आह्वान गर्दछु ।

४ देशमा भएका विभिन्न काल खण्डका संघर्ष त्याग र बलिदानबाट संविधान सभाको गठन पश्चात् जनताबाट निर्वाचित प्रतिनिधिद्धारा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भै कार्यान्वयन भैरहेको छ । अहिले देशमा ३ तहको

**सरकार सञ्चालनमा रहेका छन् भने तीनै तहका सरकारहरु आफ्ना संविधान प्रदत्त अधिकारहरुको अभ्यास गर्दै नागरिकको विकास प्रतिको चाहनालाई सम्बोधन गर्न प्रयासरत रहेका छन् ।**

**नगर सभा सदस्यहरु,**

**५ फलेवास नगरपालिका पहाडी जिल्ला पर्वतको एक ग्रामीण क्षेत्रको नगरपालिका हो, जसको आन्तरिक आम्दानी अत्यन्त न्यून रहेको छ । गैरसरकारी तथा अन्तरसरकारी बजेट तथा वित्तीय हस्तान्तरणलाई मुख्य आधार लिएर नगरको विकास र समृद्धिमा ध्यान दिनुपर्ने सीमितता हामीमा रहेको छ । उल्लेखनीय सहरी विकास हुन नसकेको अवस्थामा गठित नयाँ नगरपालिका, न्यून आन्तरिक आय, विगत २ वर्ष देखि फैलिएको कोरोना भाइरस संक्रमणका कारण नागरिकको समृद्धि र विकास प्रतिको अपेक्षा पुरा गर्न सकिएको छैन भने आन्तरिक आम्दानी र राजस्व असुलीमा समेत असर पर्न गएको छ । सिमित स्रोत, बढ्दो नागरिक अपेक्षा र विकास निर्माणको लागि गर्नुपर्ने न्यूनतम पूर्वाधार निर्माणमा बजेट कमी जस्ता नगरको सिमितताका बाबजुद नगरद्धारा अगाडि सारिएका अल्पकालीन र दीर्घकालीन कार्यक्रम, हरेक बस्तीमा यातायातको पहुँच, स्थानीय आयआर्जनका सम्भावनाहरु, कृषि र पशुपालनको सम्भावना, तीन तहको भौगोलिक स्वरुप र सो अनुसारको उत्पादनशील क्षेत्र तथा नगदे बाली र सो विस्तारको अत्यन्तै सम्भावना, कुश्मा पोखरा जस्ता पर्यटकीय क्षेत्रको सामिप्यता र सकरात्मक नागरिक सोच जस्ता सबल पक्षलाई नगरको बृहत्तर हित र विकासमा उपयोग गर्न सकेमा नगरप्रतिको नागरिक अपेक्षा सम्बोधन गर्न सकिने विश्वास व्यक्त गर्दछु ।**

**सभाध्यक्ष महोदय,**

६ नेपालको संविधानमा संघीय संरचनासँगै निश्चित गरिएका अधिकार, राजश्वका क्षेत्र र स्रोतहरुको परिचालन तथा अभ्यास गर्दै स्थानीय सरकार सञ्चालनमा रहेका छन । फलेवास नगरपालिकाका वजेटका स्रोतहरु संघीय सरकारवाट प्राप्त समानीकरण अनुदान तथा राजश्व बाँडफाँडवाट प्राप्त रकम, सशर्त रकम, समपुरक तथा विशेष अनुदान रकम र सोही प्रकृतिको प्रदेश सरकारवाट प्राप्त बजेटसहित यस नगरपालिकामा हुने आन्तरिक आम्दानी नै फलेवास सरकारको स्थानीय सञ्चित कोषको आधार हो ।

७ आन्तरिक राजश्व र गैरकर राजश्वको हिस्सा वजेटमा अत्यन्त न्युन रहेको छ । नगरको सीमित आय, अन्तरसरकारी वित्तीय हस्तान्तरण तथा प्रदेश र संघीय सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँड, सशर्त एवम् विशेष अनुदान बापत प्राप्त हुने बजेटमा निर्भर रहनुपर्ने अवस्थालाई मनन गदै यस बर्षको बजेट तथा कार्यक्रममा नगरको सबै क्षेत्रमा समन्यायिक र समानुपातिक हिसावले सम्बोधन गर्ने प्रयास रहेको व्यहोरा अवगत गराउँदछु ।

**सभाध्यक्ष महोदय,**

८ फलेवास नगरपालिकाको हालसम्मको अवस्थामा नगरपालिका स्थापनाको सुरुवाती अवस्थामा रहेको भौतिक पूर्वाधारको अवस्थामा क्रमशः सुधार भैरहेको छ । सबै टोल बस्तीहरुमा कच्ची मोटरबाटोको पहुँच पुगेको छ । विद्युतीकरणको अवस्थामा गण्डकी प्रदेशसँगको सहकार्यमा जोखिमपूर्ण काठेपोल विस्थापन कार्य पूर्ण भैसकेको

छ । सिंचाइ सुविधा थप भरपर्दो हुँदै गएको ।  विद्यालयको शैक्षिक, भौतिक तथा संस्थागत अवस्थामा सुधार भएको छ भने स्थानीय पाठ्यक्रम तयार गरी लागू गरिने अवस्थामा छ । स्वास्थ्य क्षेत्रमा कोभीड लगायतको कारण केही चुनौती बढेको भएपनि पूर्ववत् सेवामा सुधार भएको र १० शैयाको नगर अस्पताल निर्माणाधिन अवस्थामा रहेको छ । कृषि तथा पशुपालनको क्षेत्रमा व्यवसायिकता विकास हुँदै गएको छ । कार्यालयको भौतिक तथा संस्थागत विकासको अवस्थामा सुधार हुँदै गएको छ । ९ वटा वडाका कार्यालय भवन निर्माण सम्पन्न हुने अवस्थामा रहेको छन् । संघ र प्रदेश सरकारको समन्वय र सहकार्यमा विभिन्न वडामा एक घर एक धारा खानेपानी योजनाका काम शुरु भएका छन् । माझिगाउँ चौरमा रंगशाला निर्माणको लागि संघ र प्रदेश सरकारसंग समन्वय भैरहेको छ । राज्यले लक्षित गरेका विभिन्न समुदायहरु जेष्ठनागरिक, बालबालिका, महिला, अपाङ्गता भएका व्यक्ति, दलित र अल्पसंख्यक समुदायको आत्मसम्मान, आर्थिक विकास, सीप विकासको क्षेत्रमा महत्वपूर्ण कार्यक्रम अगाडि सारिएका छन् ।

सभाध्यक्ष महोदय,

अब म गत आर्थिक वर्ष ०७७।७८ को यथार्थ आय र व्ययको विवरण प्रस्तुत गर्दछु ।

<u>आम्दानी तर्फ :</u>

९ गत आर्थिक वर्ष २०७७/७८ मा यस नगरपालिकामा ८५ करोड ९१ लाख १८ हजार ६ सय ३२ रुपैयाँ ८० पैसा आम्दानी भएको छ  । जसमध्ये गत आर्थिक वर्षको लागि अल्या ३ करोड ७० लाख ५३ हजार ९ सय २७ रुपैयाँ ६ पैसा मात्र, कोभीड कोष २६ लाख २२ हजार ४ सय २२, धरौटी मौज्दात रु ७ लाख ६८ हजार ३ सय ९ रुपैयाँ, विभाज्य कोष रु २८ लाख १६ हजार २ सय ५४ रुपैयाँ र

आकस्मिक कोष रु १० हजार गरि कुल अल्या रु ४ करोड ३२ लाख ७० हजार ९ सय १२ रुपैयाँ ६ पैसा रहेको छ। राजस्व बाँडफाँड अन्तर्गत संघबाट रु ६ करोड ६ लाख ३७ हजार ५ सय ८ रुपैयाँ ३१ पैसा र प्रदेश राजस्व बाँडफाँडमा ६२ लाख ४७ हजार ४ सय ७५ रुपैयाँ गरी राजस्व बाँडफाँडबाट कुल रु ८ करोड १९ लाख ९६ हजार ४०० रुपैयाँ २८ पैसा रहेको छ। संघीय अनुदानतर्फ संघीय समानीकरण अनुदानबाट १० करोड ८ लाख रुपैयाँ, संघीय सशर्त अनुदान रु ४४ करोड ९३ लाख ३८ हजार ४ सय ३० रुपैया, संघीय विशेष अनुदान रु २ करोड ३५ लाख गरी संघीय सरकारबाट प्राप्त अनुदान कुल रु ५७ करोड ३६ लाख ३८ हजार ४ सय ३० रुपैयाँ मात्र निकासा प्राप्त भएको छ। गण्डकी प्रदेश सरकारबाट प्राप्त अनुदान तर्फ प्रदेश समानीकरण रु १ करोड २० लाख ४३ हजार रुपैयाँ, कोभीड कोषमा प्रदेश सरकारबाट आय रु १० लाख, सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेशबाट कोभीडमा सहयोग ४ लाख ९२ हजार १ सय ६१ रुपैयाँ, समपूरक अनुदान रु ५० लाख गरी गण्डकी प्रदेश सरकारबाट प्राप्त अनुदान रु २ करोड, ४७ लाख, ९५ हजार, १ सय ६१ रुपैयाँ रहेको छ। कोष तर्फको आयअन्तर्गत कोभीड कोष ५९ लाख २५ हजार, धरौटि रु ३२ लाख ८९ हजार १ सय ९६ रुपैयाँ, विभाज्य कोष रु ३४ लाख ३२ हजार ६ सय ९० रुपैयाँ र श्रमिक कल्याणकारी कोष रु ४० लाख ८६ हजार, सडक बोर्ड पर्यटन बोर्ड गरी ३७ लाख ७१ हजार ३ सय २७ रुपैयाँ पचास पैसा गरी सम्पूर्ण कोषहरुको कूल आय रु २ करोड ५ लाख ४ हजार २ सय १३ रुपैयाँ पचास पैसा मात्र भएको छ। अन्तरसरकारी अख्तियारी अन्तर्गत सामाजिक सुरक्षा भत्ता मा रु ९ करोड ९८ लाख ५० हजार ८ सय ९५ रुपैयाँ, स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम ३८ लाख ३० हजार ८ सय २१ रुपैयाँ, गरिबसँग विश्वेश्वर कार्यक्रम ५ लाख २० हजार रुपैयाँ, स्वच्छ वातावरण

कार्यक्रम रु २० लाख, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम ८४ लाख २३ हजार ८ सय रुपैयाँ र प्रदेश अन्तरसरकारी रु २ लाख ८८ हजार गरी कूल अन्तरसरकारी अख्तियारी रु ११ करोड ४९ लाख १३ हजार ५ सय १६ रुपैयाँ आम्दानी भएको छ।

## व्यय तथा मौज्दाततर्फ

१० यस आ.व. मा ४ करोड २२ लाख ८२ हजार २० रुपैयाँ ८४ पैसा मात्र जिम्मेवारी सारिएको छ। चालुतर्फ ३८ करोड १६ लाख ९८ हजार ५ सय ३८ रुपैयाँ ७० पैसा मात्र र पूँजीगत तर्फ २० करोड ४४ लाख २९ हजार १ सय ३३ रुपैयाँ मात्र खर्च भएको छ। प्रदेशमा पठाएको दहत्तर बहत्तर शुल्क रु २० लाख ३४ हजार ८ सय १८ रुपैयाँ रहेको छ । प्रदेश सरकार सामाजिक विकास मन्त्रालयबाट निकासामा कोभीडमा खर्चतर्फ रु ४ लाख ९२ हजार १ सय ६१ रुपयाँ मात्र ।

अन्तरसरकारी अख्तियारी अन्तर्गत सामाजिक सुरक्षा भत्ता मा रु ९ करोड ९८ लाख ५० हजार ८ सय ९५ रुपैयाँ, स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम ३८ लाख ३० हजार ८ सय २१ रुपैयाँ, गरिबसँग विश्वेश्वर कार्यक्रम ५ लाख २० हजार रुपैयाँ, स्वच्छ वातावरण कार्यक्रम रु २० लाख, एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम ८४ लाख २३ हजार ८ सय रुपैयाँ र प्रदेश अन्तरसरकारी रु २ लाख ८८ हजार गरी कुल अन्तरसरकारी अख्तियारी अनुसारको रकम रु ११ करोड ४९ लाख १३ हजार ५ सय १६ रुपैयाँ मात्र खर्च भएको छ।

कोभीड कोष, श्रमिक कल्याणकारी कोष र धरौटि कोषतर्फको व्यय रु १ करोड २५ लाख ६८ हजार ८ सय ९५ रुपैयाँ, आय ठेक्काको कर तथा भ्याट भुक्तानी रु ४

लाख ९० हजार ७ सय ९० र निकासा फिर्ता रु १० करोड २ लाख ८ हजार ७ सय ५९ रुपैयाँ ३० पैसा मात्र खर्च भएको छ ।

## लेखापरीक्षण प्रतिवेदन :

११ नगरपालिकाको गत आर्थिक वर्ष २०७७/०७८ को अन्तरसरकारी अन्तर्गतका आर्थिक श्रेस्ताको कोष तथा लेखा नियन्त्रण कार्यालय पर्वतवाट र अन्तरसरकारी बाहेकका नगरपालिकामा सिधै प्राप्त हुने अनुदानको यस नगरपालिकाको आन्तरिक लेखा परीक्षण शाखाबाट आन्तरिक लेखा परीक्षण र महालेखा परीक्षकको कार्यालयवाट अन्तिम लेखा परीक्षण भइ प्रतिवेदन प्राप्त भएको छ । पेश्की बेरुजु देखिएका योजना फरफारक गरी फर्छ्यौट हुने क्रममा रहेको छ । म.ले.प. बाट प्रारम्भिक रुपमा औल्याईएका बेरुजुको प्रतिक्रिया समेत समयमा नै पठाइ सकिएको छ । बाँकी रहेको बेरुजु फर्छ्यौटका लागि आवश्यक प्रक्रिया अगाडि वढाइएको छ । गत आ.व.मा देखिएका नीतिगत बेरुजुलाई चालु आ.व.मा नदोहोरिने गरी कार्यान्वयन गर्ने प्रयास गरिएको छ ।

सभाध्यक्ष महोदय,

अव म चालु आ.व. २०७८।०७९ को वास्तविक र शंसोधित कार्यक्रम तथा बजेट प्रस्तुत गर्दछु ।

## वास्तविक कार्यक्रम तथा बजेटतर्फ

अब म चालु आ.व. ०७८।७९ को चालु अवधिसम्मको समीक्षा प्रस्तुत गर्दछु ।

चालु आ.व. ०७८।७९ मा अन्तर सरकारी अख्तियारी बाहेकको कुल वजेट रु ८४ करोड ६१ लाख ६३ हजार २ सय २० मध्ये चालु अवधि सम्म कुल ६८ करोड १२ लाख ९१ हजार ९ सय ९० रुपैयाँ ८ पैसा कुल आय बजेट भएको छ । कुल बजेट मध्ये चालु अवधिसम्म कुल खर्च ६७ करोड १६ लाख ३२ हजार ९ सय ३३ रुपयाँ १७ पैसा अर्थात् ७९.४ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ जसमा कुल चालु खर्च ३८ करोड ७९ लाख ३३ हजार ७ सय १८ रुपयाँ १५ पैसा अर्थात ९१ प्रतिशत र पुँजीगत बजेटतर्फ ४१ करोड ८४ लाख ४५ हजार २ सय २० रुपैयाँ १५ पैसा मध्ये २८ करोड ३६ लाख ९९ हजार २ सय १५ रुपयाँ २ पैसा अर्थात ६८ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ । त्यसैगरी अन्तरसरकारी अख्तियारीतर्फ गरिवसँग विश्वेश्वर कार्यक्रममा ४ लाख ६४ हजार खर्च भएको छ । प्रमुख प्रशासकीय भवन पूर्वाधार निर्माण कार्यमा ८० लाख खर्च भएको छ भने सामाजिक सुरक्षा भत्ता कार्यक्रममा रु १४ करोड १४ लाख ८० हजार ६ सय ९४ खर्च भएको छ । चालु आ.व.२०७८।७९ मा कुल विनियोजित बजेट ८५ करोड ३० लाख ४० हजार मा १ अर्ब १ करोड ४१ लाख १२ हजार ९ सय १४ संशोधित बजेट पेश गरेको छु । शशर्त अनुदानतर्फ बजेट थप भएको छ भने लक्ष्य अनुसार राजस्व असुली कमी भएको छ ।

चालु आ.व. २०७८।०७९ को शंसोधित कार्यक्रम तथा बजेट

| क्र.स. | आय शीर्षक | बजेट रकम रु. | संशोधित अनुमान |
|---|---|---|---|
| १ | आन्तरिक आम्दानी | २००००००० | १५,०००,००० |
| २ | संघीय सरकारवाट प्राप्त वित्तीय समानीकरण | १०६८००००० | १०६८००००० |
| ३ | संघीय सरकारवाट प्राप्त सर्शत अनुदान | ३९७२००००० | ४५३५२८२२० |
| ४ | संघीय सरकारवाट प्राप्त राजश्व वांडफाँड | ७१३८३००० | ७१३८३००० |
| ५ | संघीय सरकारवाट प्राप्त विशेष अनुदान | १६६००००० | १६६००००० |
| ६ | संघीय सरकारवाट प्राप्त समपुरक अनुदान | १७२००००० | १७२००००० |
| ७ | प्रदेश सरकारवाट प्राप्त सर्शत चालु अनुदान | ६०००००० | ६०००००० |
| ८ | प्रदेश सरकारवाट प्राप्त वित्तीय समानीकरण | १२११८००० | १२११८००० |
| ९ | प्रदेश सरकारवाट प्राप्त राजश्व वाँडफाँड | ५५८९००० | ५५८९००० |
| १० | स्थानीय राजस्व | ० | ५०००००० |
| १२ | प्रदेश सरकारवाट प्राप्त समपुरक अनुदान | ४०००००० | ७९४५००० |
| १३ | संघीय सरकारवाट सामाजिक सुरक्षा वापतको रकम | ६५९५०००० | १४१४८०६९४ |
| १४ | प्रदेश तथा स्थानीय सरकार क्षमता विकास कार्यक्रम | १५००००० | १५००००० |
| १५ | गरिवसँग विश्वेश्वर कार्यक्रम मार्फत प्राप्त अनुदान | १२००००० | ४६४००० |
| १६ | पर्यटन विकास वोर्डवाट प्राप्त | ३०००००० | ३०००००० |

| | | | |
|---|---|---|---|
| १७ | जिल्ला समन्वय समिति कोषवाट | ४०००००० | ४०००००० |
| १८ | सडक वोर्डवाट प्राप्त | ३५००००० | ३५००००० |
| १९ | ऋण | ४००००००० | ४००००००० |
| २० | अ.ल्या. | ७७००००००० | ७७००००००० |
| २१ | प्रमुख प्रशासकिय भवन निर्माण अन्तरसरकारी(संघ) | ० | ८०००००० |
| २२ | नगर अस्पताल भवन पूर्वाधार निर्माण अन्तरसरकारी(संघ) | ० | १८००५००० |
| | जम्मा | ८५३०४०००० | १०१४११२९१४ |

**नगर सभा सदस्यहरु,**

**हामीले आगामी आर्थिक वर्ष २०७९/८० को बजेट तथा कार्यक्रम तयार गर्दा चालु आ.व. सम्म प्राप्त उपलब्धीहरुलाई संस्थागत गर्दै नेपालको संविधानमा भएका नीतिगत व्यवस्था, मौलिक हक, निर्देशक सिद्धान्त, पन्ध्रौं पञ्चबर्षीय योजनामा उल्लिखित प्राथमिकता, दीगो विकास लक्ष्य र राष्ट्रिय अन्तराष्ट्रिय प्रतिवद्धताहरु, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, वजेट तर्जुमा दिग्दर्शन, नगरपालिकाको स्थानीय आवश्यकता र प्राथमिकता, नगरको दीर्घकालीन योजना, राजनैतिक दल एवं विज्ञहरुको सुझाव, फलेवास नगरपालिकामा भएको स्रोत साधन को अवस्था, आ.व. २०७९।०८० को लागि पारित नीति तथा कार्यक्रमलाई मुख्य आधार मानी आगामी आ.व. ०७९।८० को लागि यो वजेट तथा कार्यक्रम निर्माण गरेको छु। यसमा भौतिक विकासलाई मात्रै पूर्ण विकासको रुपमा बुझ्ने**

गरेको अवस्थालाई मध्यनजर गर्दै नगरको सामाजिक, आर्थिक, वातावरणीय, संस्थागत क्षमता र राजनैतिक विकास लगायत समग्र क्षेत्रमा सकेसम्म समानुपातिक रुपमा कार्यक्रम तर्जुमा गरी बजेट विनियोजन गर्ने प्रयास गरेको छु ।

१३ फलेवास नगरपालिकाको समग्र विकासका लागि केही चुनौतिपूर्ण अवस्था रहेको देखिन्छ । जस्तै,

- न्यून शहरी एवम् भौतिक विकास एवम् पहाडी जिल्लामा अवस्थित ग्रामीण नगरपालिका,
- अत्यन्त न्यून आन्तरिक आय, परनिर्भर नगरको अर्थतन्त्रको अवस्था,
- अत्यधिक नागरिक माग र माग सम्बोधन गर्न उपलब्ध स्रोत बिचको दूरी,
- नगरभित्र निर्माण भएका सडकको संरक्षण र स्तरबृद्धि गर्नुपर्ने अवस्था,
- उत्पादनशील जनशक्तिको पलायन एवम् निरन्तरको बसाइसराई,
- मौसमजन्य विपत् र त्यसको असर धान्न सक्ने नगरको आर्थिक सामर्थ्य,
- शासन प्रकृयामा नागरिकको पूर्ण सन्तुष्टि कायम,

१४ यस पालिकामा रहेका केही सबल पक्षहरुको कारण उल्लिखित चुनौतिहरुको सामना गर्न सहयोग पुग्ने अपेक्षा गरेको छु ।

- प्राकृतिक स्रोत, साधन तथा उत्पादनशील क्षेत्रको उपलब्धता,
- अल्पकालीन र दीर्घकालीन सोच सहितको पूर्वाधार निर्माणको प्रयास,
- अन्तर सरकारी समन्वय, साझेदारी र सहकार्यका प्रयासहरु,
- नगरप्रति रहेको नागरिकको सकरात्मक सोच,

- वैदेशिक रोजगारवाट प्राप्त नवीनतम ज्ञान, सीप,
- सेवा प्रवाहमा रहेका संस्थागत विकास र प्रयासहरु

१५ आर्थिक वर्ष २०७९।८० का बजेटका उद्धेश्यहरु निम्नानुसार छन् :

- स्थानीय तहमा सञ्चालन गरिने विकास आयोजना तथा कार्यक्रमको प्रभावकारिता कायम गर्ने,
- लक्षित क्षेत्रको विकास, आर्थिक, सामाजिक र पूर्वाधार क्षेत्रको विकास मार्फत स्रोत साधनको समावेशी र समन्यायिक वितरण
- स्थानीय स्रोतसाधनको उच्चतम एवम् प्रभावकारी परिचालन,
- नगरलाई कृषि र पशु विकासको क्षेत्रमा प्राथमिकता दिदै दुध, मासु, फलफुल, तरकारी र खाद्यान्नमा आत्मनिर्भर वनाउदै जाने,
- भौतिक पूर्वाधार निर्माण लगायतका समग्र आर्थिक सामाजिक विकास कार्यक्रमहरुमा पारदर्शिता,
- उद्यमशीलताको विकास गर्दै व्यावसायिकता र आयआर्जन मार्फत गरिबी न्यूनीकरणमा योगदान गर्ने,
- संस्थागत विकास मार्फत सेवा प्रवाहमा प्रभावकारिता एवम् सुशासन कायम गर्ने,

१६ प्रस्तुत गरिएका उद्धेश्यहरुलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्नका लागि बजेटका निम्ननानुसारका प्राथमिकताहरु निर्धारण गरेको छु :

- संस्थागत विकास र सेवाप्रवाहमा जोड
- दीगो पूर्वाधार निर्माणवाट नागरिकहरुमा सहज सेवाको पहुँच विस्तार,

- आर्थिक तथा सामाजिक विकास एवम् उद्यमशीलता र आयआर्जनका माध्यमबाट गरिबी न्यूनीकरणमा योगदान दिने,
- भवन, सडक, शिक्षा, स्वास्थ्य, सिंचाई, झोलुंगेपुल, धार्मिक/साँस्कृतिक क्षेत्रमा पूर्वाधारको विकास
- आधारभूत आवश्यकता सम्बोधन गर्न जनताको जीवनस्तर, आम्दानी र रोजगारीमा जोड,
- पर्यटन विकास, वातावरण संरक्षण र विपत् व्यवस्थापनमा जोड,
- स्थानीय स्रोत साधन एवम् सीपको परिचालन र रोजगारी र्सिजना
- लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई टेवा पुग्ने विषयहरु,
- कृषि क्षेत्रको आधुनिकीकरण, विविधिकरण, यान्त्रीकरण र व्यावसायिकीकरण,

सभाध्यक्ष महोदय,

अव म प्रस्तुत चुनौति, उद्धेश्य र प्राथमिकताको आधारमा रहेर फलेवास नगरपालिकाको अर्थिक वर्ष २०७९।८० को बजेट तथा कार्यकम प्रस्तुत गर्दछु । बजेट तथा कार्यक्रममा विषयगत क्षेत्र अनुसारको अवस्था देहाय अनुसार रहेको व्यहोरा सम्मानित नगर सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

<u>कुल बजेट रु १ अरव ५ करोड ५८ लाख १ हजार रहेको छ ।</u>

चालु बजेट : रु.४३ करोड ८ लाख ८ हजार जुन कुल वजेटको ४०.८ प्रतिशत छ ।

सामाजिक सुरक्षा :रु.१५ करोड कुल वजेटको १४.३ प्रतिशत हो ।

पुँजीगत बजेट : रु.४७ करोड ४९ लाख ९३ हजार जुन कुल बजेटको ४४.९ प्रतिशत छ ।

पूँजीगत बजेटलाई मुख्य शीर्षकमा तपसिल अनुसार विनियोजन गरिएको छ ।

**आर्थिक विकास :**

आर्थिक विकासको मुख्य शीर्षकमा उद्योग तथा वाणिज्य, कृषि, पर्यटन, वित्तीय क्षेत्र र सहकारी रहेका छन् । यस क्षेत्रका मुख्य शीर्षकमा कुल रु.९ करोड ७० लाख बजेट बिनियोजन गरिएको छ । जुन कुल बजेटको ८.७ प्रतिशत रहेको छ ।

**सामाजिक विकास :**

सामाजिक विकासको मुख्य शीर्षकमा खानेपानी तथा सरसफाइ, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, शिक्षा, स्वास्थ्य र संस्कृति प्रवर्द्धनका, कार्यक्रमहरु समेटिएका छन् ।

यस शीर्षकमा कुल रु. ३९ करोड ९९ लाख ४२ हजार बजेट बिनियोजन गरिएको छ । जुन पूँजीगत बजेटको ३८.७ प्रतिशत रहेको छ ।

**पूर्वाधार विकास :**

यस क्षेत्र अन्तर्गत उर्जा, भवन तथा सहरी विकास, वैकल्पिक उर्जा र सञ्चार, सडक तथा अन्य पूर्वाधारका क्षेत्रहरु समेटिएका छन् । यस शीर्षकमा कुल रु.२८ करोड २१ लाख ९० हजार बजेट विनियोजन गरिएको छ । जुन कुल बजेटको २६.९ प्रतिशत हो भने पूँजीगत बजेटको ५९.४ प्रतिशत रहेको छ ।

**वातावरण तथा विपत् व्यवस्थापन :**

**यस मुख्य शीर्षकमा प्रकोप व्यवस्थापन, वातावरण संरक्षण, जलवायु परिवर्तन, क्लिन फलेवास ग्रिन फलेवास अभियान, फोहोरमैला व्यवस्थापन, वन तथा भू-संरक्षण र विपत् व्यवस्थापनका क्षेत्रहरु समेटिएका छन् । यस शीर्षकमा कुल रु. ८३ लाख बजेट विनियोजन गरिएको छ। जुन पूँजीगत बजेटको ०.८ प्रतिशत रहेको छ।**

**संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन :**

**यस क्षेत्रमा कुल रु. ६९ लाख ५५ हजार बजेट विनियोजन गरिएको छ । जुन पूँजीगत बजेटको ०.७ प्रतिशत रहेको छ।**

**सामाजिक सुरक्षा तर्फ :**

**यस क्षेत्रमा जेष्ठनागरिक, एकल महिला, जेष्ठ दलित, दलित बालबालिका, अपाङ्गता भएको क्षेत्रका बालबालिकाको सामाजिक सुरक्षा भत्ता समावेश गरिएको छ । यस शीर्षकमा कुल रु.१५ करोड बजेट विनियोजन गरिएको छ । जुन कुल बजेटको १४.३ प्रतिशत रहेको छ।**

**कार्यालय सञ्चालन खर्च :**

**यस शीर्षक अन्तर्गत नगर कार्यपालिका, वडा कार्यालय, सेवा केन्द्र, स्वास्थ्य चौकी कार्यालय सञ्चालन र व्यवस्थापन, जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास, कर्मचारी शिशु स्याहार केन्द्र व्यवस्थापन, कर्मचारी व्यवस्थापन, बैठक, सभा, सरकार सञ्चालन पर्दछन् । यस शीर्षकमा कुल रु.१० करोड ७ लाख ८४ हजार बजेट विनियोजन गरिएको छ। जुन कुल बजेटको ८.९ प्रतिशत रहेको छ।**

सञ्चालन पूँजीगत :

यस क्षेत्रमा माथि कार्यालय सञ्चालन अन्तर्गतको पूँजीगत खर्च रु ८२ लाख ६ हजार रहेको छ। जुन कुल बजेटको ०.८ प्रतिशत रहेको छ।

अन्य क्षेत्र :

यस क्षेत्रमा माथि उल्लेखित क्षेत्रमा नपरेका गरिवसँग विश्वेश्वर कार्यक्रम, जिल्ला समन्वय समितिबाट प्राप्त हुने अनुदान र प्रदेश सरकारबाट क्षमता विकासको लागि प्राप्त हुने बजेट गरी रु २५ लाख यस शीर्षकमा राखिएको छ। जुन कुल बजेटको ०.२ प्रतिशत हो।

सभाध्यक्ष महोदय,

अब म विषयगत क्षेत्रतर्फको बजेट विनियोजन एवम् कार्यक्रमको अवस्था प्रस्तुत गर्दछु।

भौतिक पूर्वाधार विकासतर्फ

१७ विश्व व्यापी रुपमा फैलिएको कोरोना भाईरसले पारेको प्राभावलाई न्युनीकरण गर्न, कोभीडको नियन्त्रण, रोकथाम, उपचार, र रोजगारीको सृजना, सामुदायिक विकास कार्यक्रम अन्तर्गत सडक संरचना निर्माण तथा सुधार, नाला निर्माण, भूसंरक्षण, सिंचाई पूर्वाधार लगायतका कार्यका लागि श्रममूलक योजना कार्यान्वयन गर्न १३ करोड ६४ लाख बजेट व्यवस्था गरेको छु। यसमा प्रत्येक वडाका मुख्य सडकहरुको स्तरबृद्धि गर्ने, साना तथा मझौला सिंचाई योजना निर्माण गर्ने विभिन्न संरक्षणका कार्य गर्ने र खेलमैदान संरक्षण गर्न शहरी शासकीय क्षमता विकासको

लागि आवश्यक पूर्वाधार निर्माण गर्न प्रत्येक वडामा १ करोड रुपयाँको दरले ११ करोड, नगर स्तरीय योजनाको लागि २ करोड, जनसहयोगी मा.वि., गैरीखोला संरक्षण, भेडाबारी मुलाचौर बस्ती संरक्षण लगायतका योजनाको लागि ६४ लाख विनियोजन गरेको छु। यसका लागि आवश्यक बजेट नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजनाबाट व्यवस्थापन गरेको छु।

१८ नगरको मुख्य बस्तीहरुलाई नगरको केन्द्र तथा सडक सञ्जालमा जोड्न बाँकी रहेका नयाँ ट्याक खन्नु पर्ने र आकस्मिक रुपमा मर्मत गर्नुपर्ने सडक नगरपालिकाको एस्काभेटर र व्याक हु लोडरबाट गर्ने गरी इन्धन लगायतको कार्यको लागि रु. १ करोड बजेट विनियोजन गरेको छु।

१९ नगरपालिकाको वडा नं ७, ८, ९ गरी ३ वटा वडाहरुलाई प्रत्यक्ष लाभ पुग्ने लिमिठाना-छाम्मी-अर्चले-सिरुबारी थापाठाना सडकको लागि संघीय सरकारको साझेदारीमा स्तरबृद्धि गर्न रु ४ करोड बजेट व्यवस्था गरेको छु। त्यसैगरी संघीय सरकारसँगको समन्वयमा सडक स्तरवृद्धिको कार्य गर्न श्रीकाङ लौसीपाटा सुलीकोट हुँदै भोक्सिङ जोड्ने र काउरे नुवार थर र राहाले लामगादेटोल जाने सडकको लागि रु १ करोड व्यवस्था गरेको छु।

२० नगर भित्रका मुख्य मोटर वाटोलाई वर्षातको समय पश्चात आकस्मिक मर्मत गरी तत्काल सवारी आवागमनमा सहजताका लागि २७ लाख वजेट विनियोजन गरेको छु।

२१ फलेवास नगरपालिकाको प्रमुख प्रशासकीय भवन निर्माणको लागि यसैवर्ष निर्माण सम्पन्न गर्ने गरी रु ३ करोड बजेट विनियोजन गरेको छु। त्यसैगरी साविकको कार्यालय भवनमा स्टोर निर्माण गर्न रु २० लाख विनियोजित गरेको छु।

२२ समन्वय, सहकार्य, साझेदारीमा नगरको विकास गर्ने नीति अनुरुप सडक बोर्ड, झोलुंगे पुल क्षेत्रगत कार्यक्रम लगायत प्रदेश र संघमा प्रस्ताव गर्ने अन्य योजनामा साझेदारीका लागि रु ९५ लाख रकम विनियोजन गरेको छु ।

२३ लमाएखोला लिफ्ट सिंचाई योजनाको काम सम्पन्न गर्ने गरी ट्रान्सफर्म सहित रु ४६ लाख विनियोजन गरेको छु ।

२४ सेवा प्रवाहमा नागरिक हितको लागि दुर्गममा रहेका वडाहरुका सेवाग्राहीलाई मध्यनजर गरी सार्वजनिक यातायात व्यवस्थित एवम् नियमित सेवा उपलब्ध हुने गरी साझेदारीमा सार्वजनिक यातायात सञ्चालन एवम् व्यवस्थापन गर्न बढिमा ३० प्रतिशत सम्म अनुदान उपलब्ध गराउने व्यबस्थाका लागि रु २५ लाख विनियोजन गरेको छु ।

२५ नगरपालिकामा काठका विद्युत पोल फलामे विद्युत पोलद्धारा विस्थापित भैसकेको छ भने सामुदायिक विद्युतीकरण समूह र विद्युतका आपतकालीन सामग्री व्यवस्थापन गरी विद्युतको सहज आपूर्तिका लागि आवश्यक वजेट व्यवस्था गरेको छु । साथै संघीय सरकारको समन्वयमा वैकल्पिक उर्जा प्रविधि जडान गर्न रु ८ लाख बजेट व्यवस्था गरेको छु ।

२६ वर्षात्मा भएको बाढी पहिरोका कारण क्षति हुन पुगेका ६३ मनसुनजन्य प्रकोपबाट क्षति पुगेका निजी आवासको पुननिर्माण, पुर्नस्थापना र प्रबलीकरणको लागि संघ, प्रदेश र फलेवास नगरपालिकाको साझेदारीमा अगाडि बढाउन बजेटको व्यवस्था गरेको छु ।

२७ अति विपन्न परिवारको लागि विपन्न नागरिक सुरक्षित आवास निर्माण कार्यक्रमको लागि संघीय सरकारको साझेदारीमा रु.२७ लाख बजेट व्यवस्था गरेको छु । यसवाट स्थानीय सरकारले संविधान प्रदत्त आवासको हकलाई कार्यान्वयन गर्नेछ ।

२८ पाङ्राङ, मुडिकुवा, थापाठाना र खानीगाउँमा संघीय सरकारको सहकार्यमा कार्यान्वयन गर्न एक घर एक खानेपानी धारा कार्यक्रम अन्तर्गत रु.१ करोड ५० लाख व्यवस्था गरेको छु । त्यसैगरी संघीय र प्रदेश सरकारको सहकार्यमा कार्किनेटा, थापाठाना, शंकरपोखरी, खानीगाउँ, ठानामौला, कुर्घा र पाङ्राङमा खानेपानी योजनाहरु सञ्चालन गर्न बजेट व्यवस्था गरेको छु ।

२९ फलेवास नगर अस्पतालको जग्गा विकास तथा अन्य आवश्यक पूर्वाधार निर्माणको लागि रु ३० लाख विनियोजन गरेको छु ।

३० राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि विभिन्न ५ वटा विद्यालयमा ४ कोठे भवन निर्माण गर्न रु ४० लाख र २ कोठे भवन निर्माणको लागि ३ लाख गरी कुल ४३ लाख बजेट विनियोजन गरको छु ।

३१ पुर्कोट शंकरपोखरी थुमी अम्बोट कालीगण्डकी लिफ्ट सिंचाई योजना लगायत नगरका विभिन्न सिंचाई र लिफ्ट सिंचाई योजना कार्यान्वयन गर्न प्रदेश सरकारसँग समन्वय गरी आवश्यक बजेट व्यवस्था मिलाएको छु ।

३२ प्रदेश र संघीय सरकारको साझेदारीमा अग्ला, मझौला तथा साना झोलुङ्गे पुलहरुको निर्माण गरिने छ । सोको लागि क्रमागत झोलुङ्गेपुल र थप नयाँ झोलुङ्गेपुल निर्माणको लागि आगामी वर्ष रु ४० लाख बजेट व्यवस्था गरेको छु । विभिन्न वडाबाट माग भई आएका अग्लो झोलुङ्गे पुलको निर्माण कार्य अगाडी बढाउन संघ र प्रदेश सरकारसँग समन्वय गरिएको छ ।

३३ सीटीहल, बसपार्क निर्माण र संरक्षण, उद्योग ग्राम संरक्षण, लमाएखोला बहुउद्देश्यीय परियोजना र पाङ्गराङ टार सिंचाई योजनाको अध्ययन एवम् विस्तृत परियोजना प्रस्ताव तयार गर्न संघ र प्रदेश सरकारको साझेदारीमा कार्य गर्ने गरी २० लाख बजेट विनियोजन गरेको छु । त्यसैगरी माझिगाउँ चौरमा रंगशाला

निर्माणको लागि संघ र प्रदेश सरकारसँगको समन्वय विभिन्न पूर्वाधार निर्माणमा साझेदारी गर्न १० लाख बजेट विनियोजन गरेको छु ।

## सामाजिक विकास

३४ विद्यार्थीहरुको भर्ना, टिकाउ र स्वास्थ्यमा सुधार गर्न आधारभूत तह १ कक्षा देखि ६ कक्षा सम्मका विद्यार्थीहरुको लागि दिवा खाजा कार्यक्रम र सामुदायिक विद्यालयका छात्राहरुको लागि सेनिटरी प्याड व्यवस्थापन गर्न ७७ लाख ३ हजार बजेट विनियोजन गरेको छु ।

३५ सबैका लागि शिक्षा, माध्यमिक तह, आधारभूत तह, बालविकास केन्द्रका शिक्षक तलब तथा पारिश्रमिकका लागि रु.१९ करोड ६४ लाख बजेट व्यवस्था गरेको छु ।

३६ विद्यालय क्षेत्र विकास कार्यक्रम, शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा, निशुल्क पाठ्यपुस्तक अनुदान, शैक्षिक गुणस्तर सुदृढीकरण, कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान, प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ अनुदान र क्रमागत नमुना विद्यालय पूर्वाधार निर्माण कार्यक्रमका लागि रु. ५ करोड ५९ लाख बजेट व्यवस्था गरेको छु ।

३७ पर्वत जिल्लाको सवैभन्दा पुरानो क्याम्पस पर्वत बहुमुखी क्याम्पसको सञ्चालन तथा व्यवस्थापनका लागि नियमित अनुदान उपलव्ध गराउने व्यवस्था गरेको छु । उच्च शिक्षामा साझेदारी कार्यक्रम अन्तरगत अन्नपूर्ण बहुमुखी क्याम्पस, कार्कीनेटा त्रिभुवन क्याम्पस शंकरपोखरी सञ्चालन तथा अन्य थापाठाना मा.वि., लिमिठाना मा.वि., जनता प्रावि, जनता आ.वि., शिशु निकेतन लगायतका विद्यालयको लागि ४१ लाख ८८ हजार वजेट अनुदान स्वरुप उपलब्ध गराउने प्रवन्ध गरेको छु । शैक्षिक गुणस्तर अभिवृद्धि, माध्यमिक विद्यालयका विद्यार्थी प्रतिभा पहिचान, सुत्केरी

बिदामा बसेका महिला शिक्षकको सट्टा शिक्षक, माध्यमिक तह तथा उच्च शिक्षामा विज्ञान र प्राविधिक शिक्षा अध्ययन गर्ने गरिब तथा जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्ति प्रदान गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३८ माटेदेवल मा.वि. प्रदान गरिदै आएको प्राविधिक शिक्षाको छात्रवृत्तिलाई निरन्तरता दिएको छु । भवानी विद्यापीठमा विज्ञान विषयमा अध्ययन गर्ने विद्यार्थीको लागि छात्रवृतिको व्यवस्था गरेको छु । फलेवास नगरपालिकामा रहेको मोती सामुदायिक पुस्तकालय व्यवस्थापनका लागि अनुदान दिने व्यवस्था मिलाएको छु ।

३९ विद्यालय शिक्षा सुधारको लागि शिक्षकहरुका लागि आवश्यक तालिम तथा सिकाइ सुनिश्चितताका लागि विद्यालय शिक्षा सुधार कार्यक्रममा साझेदारीका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

४० अंग्रेजी पाठ्यपुस्तक खरिद, शिक्षक तालिम, उपलब्ध मापन, प्रतिभा पहिचान, विज्ञान सामाग्री प्रदर्शनी लगायतका शैक्षिक गतिविधिको लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

४१ स्थानीय सरकारको झल्को दिने गरी विद्यालयमा नियमित पठन पाठन तथा विद्यार्थीहरुलाई स्थानीय विषयमा जानकारी गराउने गरी स्थानीय पाठ्यक्रम निर्माण गरी पाठ्यक्रम छपाइको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४२ असहाय विपन्न विद्यार्थीको लागि भर्ना अभियान, टिकाउ तथा सिकाइ स्टेशनरी सहयोग अभियान सञ्चालन गर्न साझेदारीको लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

४३ मातृ तथा नवशिशु, आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला, निशुल्क गर्भपतन कार्यक्रम, सरुवा रोगको रोकथाम, नियन्त्रण, हात्तिपाईले रोग विरुद्धको

औषधी सेवन, पशुपंक्षीबाट सर्ने रोग वर्डफ्ल्यु, एन्फुएञ्जा लगायतका रोगको रोकथाम, नियन्त्रण र निगरानीका लागि रु. ५५ लाख व्यवस्था गरेको छु।

४४ कोरोना भाइरसको संक्रमण रोकथाम, नियन्त्रण र उपचारका लागि कोरोना कोषको लागि रु ७ लाख वजेट विनियोजन गरेको छु।

४५ नगरपालिकाका बाआमा स्वास्थ्य कार्यक्रममा ज्येष्ठ नागरिकको घरघरमा स्वास्थ्य कर्मी, विपन्न असहाय र दीर्घ बिरामीलाई सहयोग कार्यक्रम र विपन्न सुत्केरी पोषण कार्यक्रमका लागि आवश्यक वजेट विनियोजन गरेको छु।

४६ नगर अस्पतालमा उपकरण खरिदको लागि रु १० लाख विनियोजन गरेको छु। त्यसैगरी फलेवासमा रहेको धुलिखेल अस्पतालमा एक्सरे मेसिन खरिदको लागि रु ७ लाख विनियोजन गरेको छु।

४७ स्वास्थ्य सेवामा सिघ्र पहुँच तथा स्वास्थ्य सेवाको प्रभावकारीता बृद्धि गर्न सघाउ पुर्‍याउने उद्देश्यले नगरपालिकामा एम्वुलेन्स व्यवस्थापन गर्न रु २३ लाख विनियोजन गरेको छु।

४८ वडा नं. ८ मा रहेको चारभञ्ज्याङ टेलिमेडिसिन स्वास्थ्य केन्द्र र ४ मुडिककुवा रहेको टेलीमेडिसीन सेन्टरसँग स्वास्थ्य सेवा प्रभावकारिताको लागि समन्व्य सहकार्य र साझेदारीको लागि आवश्यक व्यबस्था मिलाएको छु।

४९ साझेदारीमा वाह्य खोप केन्द्र भवन निर्माण, महिला स्वास्थ्य स्वयम् सेविका प्रोत्साहन, औषधी व्यवस्थापन, ल्याब सेवा विस्तार र निरन्तरता, महिला स्वास्थ्य स्वयम् सेविकाको सम्मानजनक विदाइ, जेष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा, नगरमा वर्थिंङ् सेन्टर स्थापना, स्वास्थ्य आमा समुह परिचालन, विद्यालयमा विद्यार्थी हेल्थ क्लव परिचालन, प्रेषण गर्नु पर्ने सुत्केरीलाई निशुल्क एम्बुलेन्स सेवा, विपन्न वर्गका बिरामीको साथमा नगर प्रमुख कार्यक्रम, आधारभूत तथा आकस्मिक

स्वास्थ्य सेवा, नियमित औषधी व्यवस्थापन र स्वास्थ्य विशेषज्ञ सेवा सञ्चालन गर्न ९६ लाख वजेट विनियोजन गरेको छु ।

५० लिमिठानाको बर्थिङ्ग सेन्टर भवन निर्माण कार्य सम्पन्न गर्न र शंकरपोखरीमा वर्थिङ्ग सेन्टर मर्मत सुधार गर्न वान हर्ट वोल्डवाइडसँग साझेदारी गर्न रु ८ लाख विनियोजन गरेको छु । त्यसैगरी मातृ तथा नवशिशु स्वास्थ्य सुदृढीकरण कार्यक्रमको लागि सोही संस्थासँग साझेदारीको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

५१ आयुर्वेद स्वास्थ्य संस्थाको क्षमता विकास र उपचारात्मक कार्यक्रमका लागि रु.३३ लाख वजेट व्यवस्था गरेको छु ।

५२ संघीय सरकारको सामाजिक सुरक्षाको दायरामा नपरेका ५० वर्ष देखि ६८ वर्ष सम्मका विदुर पुरुषहरुलाई सहज जीवनयापनका लागि प्रोत्साहन भत्ता व्यवस्था गरेको छु ।

५३ समग्र गुणस्तरीय स्वास्थ्य सेवाका लागि रु.७ करोड १३ लाख वजेट व्यवस्था गरेको छु ।

५४ राष्ट्रपति रनिङशिल्ड तथा तेश्रो मेयरकप खेलकुद प्रतियोगिता सञ्चालन र युवा तथा खेलकुद कार्यक्रम सञ्चालनको लागि आवश्यक रकमको व्यवस्था गरेको छु ।

५५ प्रधानमन्त्री रोजगार कार्यकम अन्तर्गत रोजगार सेवा केन्द्र, युवा रोजगारीका लागि रुपान्तरण पहल कार्यक्रम मार्फत वेरोजगार युवाहरुको लागि रोजगार उपलव्ध गराउन ९२ लाख वजेट व्यवस्था गरेको छु ।

५६ नगर क्षेत्रमा रहेका कोतहरुको संरक्षण, ऐतिहासिक मन्दिरको सम्बर्द्धन, पुजा व्यवस्थापन, भाषा तथा भेषभुषा संरक्षण, लोक संस्कृतिहरुको सम्वर्द्धन र संरक्षण

लागि आवश्यक रकमको व्यवस्था गरेको छु । साथै संघीय सरकारको समन्वयमा धार्मिक सँस्कृतिक पूर्वाधार निर्माण गर्न रु २६ लाख व्यवस्था मिलाएको छु ।

५७ घरेलुहिंसाको न्यूनीकरण, महिलाहरुको नेतृत्व विकास र आर्थिक विकासका कार्यक्रमहरु निरन्तर सञ्चालनमा रहेका छन । एक वडा एक उद्यम, महिला सशक्तीकरण र महिला आयआर्जन कार्यक्रम, लैगिंक समानता तथा सामाजिक समावेशीकरणका लागि लैगिंक हिंसा न्यूनीकरण, अभिभावक विहीन वालवालिकाको संरक्षण गरी सहज जीवनयापन, पठनपाठन, स्वास्थ्य सेवा, बालबालिकाको हक अधिकारको सुनिश्चितता, महिला शसक्तिकरण तथा क्षमता विकास, महिला बालबालिका तथा जेष्ठ नागरिकको कार्यक्रम कार्यान्वयनका लागि रु. २९ लाख ५० हजार बजेट व्यवस्था गरेको छु ।

५८ अभिभावक विहीन बालबालिकाको संरक्षण, शिक्षा र उनीहरुको हितको लागि बाल संरक्षण कोष स्थापनाको शुरुवात गर्न बजेट व्यवस्था गरेको छु ।

५९ महिला, युवा, विपन्न, उद्यमीहरुको क्षमता विकास, सीप विकास, प्रविधि हस्तान्तरण, नयाँ उद्यमी सृजना र साझा सुविधा केन्द्र व्यवस्थापन गर्न गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम मार्फत ३० लाख र नगरस्तरका कार्यक्रम सञ्चालन गर्न १० लाख गरी कुल ४० लाख बजेट व्यवस्था गरेको छु ।

६० धार्मिक पर्यटकीय क्षेत्रको पूर्वाधार विकास, आवश्यक स्थानमा पदमार्ग निर्माण, ऐतिहासिक कोत तथा मन्दिर संरक्षण, सम्वर्द्धन गर्न रु १५ लाख वजेट विनियोजन गरेको छु । साथै संघ र प्रदेश सरकारको सहकार्यमा नगर क्षेत्रका विभिन्न धार्मीक ऐतिहासिक स्थानको संरक्षण र पूर्वाधार निर्माणको लागि आवश्यक वजेट व्यवस्था मिलाएको छु ।

## आर्थिक विकास

६१ नगर कार्यपालिकामा रहेका असंगठित क्षेत्र एवम् विपन्न वर्गका श्रमिकको भविष्यको सामाजिक सुरक्षा सहज जीवनयापनका लागि नागरिक लगानी कोषको सहकार्यमा श्रमिक पेन्सन योजना अगाडि बढाएको छ । यस कार्यक्रमको व्यवस्थापन र कोष सञ्चालनका लागि रु. ७० लाख विनियोजन गरेको छु ।

६२ कृषकको आय आर्जन हरेक घरमा तरकारी उत्पादन गर्न प्रोत्साहन गर्न उन्नत बीउ व्यवस्थापनमा सहयोग हुने वातावरण मिलाएको छु । नगरपालिका क्षेत्रमा तरकारी पकेट र व्यवसायिक खेती विस्तार, कागती खेती विस्तार र उत्पादनका पकेट क्षेत्रका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनावाट रु.३० लाख व्यवस्था गरेको छु ।

६३ एक वडा एक कृषि फर्म कार्यक्रम कार्यान्वयन भएका फर्मको दीगोपना र हरेक घरवरिपरि तरकारी उत्पादनमा सहयोग गर्न रु १० लाख, घरघरमा टनेल घरघरमा तरकारी कार्यक्रमको लागि ७ लाख, कृषिमा यान्त्रीकरण, सहकारी मार्फत वजार व्यवस्थापनको लागि साझेदारीमा कृषि एम्बुलेन्स खरिदमा ५० प्रतिशत साझेदारीको लागि रु १० लाख विनियोजन गरेको छु । जसबाट कृषि क्षेत्रमा प्रभावकारिता आउने र व्यवसायिकता विकास भई कृषक जीवनयापनमा सुधार आउने अपेक्षा लिएको छु ।

६४ ग्रामीण पोषणमा सुधार कार्यक्रम अन्तर्गत तरकारी बीउ करेसाबारी कार्यक्रमको लागि १० लाख वजेट विनियोजन गरेको छु ।

६५ कृषि विकास रणनीति अनुगमन तथा समन्वय, किसान सूचिकरण एवं तथ्यांक अद्यावधिक कार्यक्रम, फलफुल नर्सरी स्थापना, खाद्यन्न बालीको उन्नत बीउ उपयोगमा मूल्य अनुदान, एकगाउँ एक प्राविधिकको निरन्तरताका लागि आवश्यक बजेट व्यवस्था मिलाएको छु ।

६६ पशु विकासको क्षेत्रमा व्यवसायिकता वृद्धि गर्न र उत्पादनलाई बजार प्रवर्द्धन गर्न प्रतिफलमा आधारित अनुदान कार्यक्रमका लागि २५ लाख बजेट विनियोजन गरेको छु ।

६७ पशुजन्य उत्पादनमा आत्मनिर्भर बनाउने उद्देश्यले प्रतिफलमा आधारित अनुदान कार्यक्रमको लागि २५ लाख, पशुस्वास्थ्यको लागि औषधी र खोप सहकार्यको लागि ७ लाख, विपन्न कृषकसहयोग कार्यक्रमको लागि ५ लाख, मासुमा आत्मनिर्भर कार्यक्रमको लागि १० लाख, अण्डामा आत्मनिर्भर कार्यक्रमको लागि ८ लाख, उन्नत गाइ भैंसी सुत्केरी स्याहार तर्फ ५ लाख र पशु विकासको लागि आवश्यक कार्यक्रम सञ्चालन गर्न कुल ९० लाख बजेट विनियोजन गरेको छु ।

६८ कृषि र पशु विकासको क्षेत्रमा कृषक क्षमता विकास, हित प्रवर्द्धन, व्यवसायिकता विकास जस्ता कार्यको लागि कृषि, पशु वस्तुको मुल्य शृङ्खला परियोजनामा साझेदारी गर्न रु ५० लाख बजेट विनियोजन गरेको छु ।

६९ मनमोहन शान्ति बाटीकाको पूर्वाधार निर्माणमा साझेदारी गर्न रु १ करोड ३० लाख बजेट विनियोजन गरेको छु ।

## वन, वातावरण तथा विपत् व्यवस्थापन:

७० विपत् तथा सोको कारण पुग्न जाने क्षति न्यूनीकरण तथा पुर्ननिर्माणको लागि र वातावरण संरक्षणको लागि विपत् व्यवस्थापन कोषको लागि रु २० लाख वजेट व्यवस्था गरेको छु ।

७१ मौसमजन्य विपत्बाट क्षतिग्रस्त निजी आवास निर्माणमा साझेदारीको लागि रु २७ लाख विनियोजन गरेको छु । समग्रमा प्रकोप व्यवस्थापन, वातावरण तथा विपत् व्यवस्थापनका कार्यक्रमहरु सञ्चालन गर्न रु ८३ लाख विनियोजन गरेको छु ।

७२ नकुहिने फोहर ढुवानी, फोहोर वर्गीकरण, विसर्जन र सरसफाइ अभियान सञ्चालन गर्न क्लिन फलेवास ग्रिन फलेवास कार्यक्रमका लागि कर्मचारी व्यवस्थापन गर्न २८ लाख वजेट विनियोजन गरेको छु ।

७३ विपत् व्यवस्थापनका लागि र वातावरण संरक्षणका विभिन्न कार्यक्रम सञ्चालन गर्न कुल ८३ लाख वजेट विनियोजन गरेको छु ।

## संस्थागत विकास तथा सुशासन

७४ पञ्जीकरण व्यवस्थापन, व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणालीलाई व्यवस्थित, व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली सञ्चालन, एम.आई.एस.अपरेटर र फिल्ड सहायकको निरन्तरताको लीगि आवश्यक ५० प्रतिशत तलब व्यवस्था गरेको छु ।

७५ सूचना तथा प्रविधि शाखा व्यवस्थापन तथा इन्टरनेटको सञ्जालीकरण तथा क्षमता विकास तालिम, टोल विकास संस्था परिचालन तथा व्यवस्थापन, सेवा प्रवाह सवलीकरण तथा सुशासन सबलीकरण कार्यक्रम, सामाजिक परिचालक/सामाजिक अभियन्ता व्यवस्थापनको लागि आवश्यक रकमको व्यवस्था गरेको छु ।

७६ कार्यालयमा कार्यरत अस्थायी, सेवा करार, ज्यालादारीमा रहेका कर्मचारीहरुको न्यायोचित वृत्ति विकासका लागि योगदानमा आधारित अवकाश कोष/कल्याण कोषको व्यवस्था गरेको छु ।

७७ न्यायीक समिति व्यवस्थापन, मेलमिलाप कक्ष व्यवस्थापन, न्यायीक सेवा विस्तार, ऐन कानुन प्रकाशन, मेलमिलाप कर्ताको सूचिकृत लगायतका कार्यक्रमका लागि आवश्यक व्यवस्था मिलाएको छु ।

७८ स्थानीय सञ्चार माध्यमको भौतिक सुधार, नगरको उपलब्धि प्रचार प्रसार, सञ्चार माध्यमको सबलीकरण, रेडियो कार्यक्रम प्रशारण, सार्वजनिक सुनुवाई, सामाजिक

परीक्षण, लैङ्गिक परीक्षण जस्ता कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक वजेट व्यवस्था गरेको छु ।

७९ समग्र संस्थागत विकास, सेवा प्रवाह प्रभावकारिता, सुशासन प्रवर्द्धन, क्षमता विकास लगायतका कार्यको लागि कुल रु ६९ लाख ५५ हजार बजेट विनियोजन गरेको छु ।

## राजस्वः

८० राजस्व संकलन अनलाइन प्रणाली मार्फत संकलन गर्न सफ्टवेयर र क्षमता विकासको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

८१ कर प्रणालीलाई व्यवस्थित बनाउन करदाता शिक्षा कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

८२ नगरपालिकामा आगामी आर्थिक वर्षमा राजस्वका विभिन्न शीर्षकहरुवाट १ करोड ५० लाख आय संकलन हुने अनुमान गरेको छु ।

**सभाध्यक्ष महोदय,**

८३ प्रस्तुत गरिएका कार्यक्रमहरु कार्यान्वयन गर्न निम्नानुसारको वित्तिय ब्यवस्था गरेको छु ।

**आम्दानी तर्फ :**

| क्र.स. | आय शिर्षक | वजेट रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | आन्तरिक आम्दानी | १,५०,००००० | |
| २ | संघीय सरकारवाट प्राप्त वित्तिय समानीकरण | ११,३७,००,००० | |
| ३ | संघीय सरकारवाट प्राप्त सर्शत अनुदान | ४९,८७,००,००० | |
| ४ | संघीय सरकारवाट प्राप्त राजश्व वांडफाँड | ८,६४,७२,००० | |
| ५ | संघीय सरकारवाट प्राप्त विशेष अनुदान | २,३५,००,००० | शशर्त |
| ६ | संघीय सरकारवाट प्राप्त समपुरक अनुदान | २,००,००,००० | शशर्त |

| | | | |
|---|---|---|---|
| ८ | प्रदेश सरकारवाट प्राप्त सर्शत चालु अनुदान | ५०,००,००० | शशर्त |
| १० | प्रदेश सरकारवाट प्राप्त वित्तिय समानीकरण | १,२८,३३,००० | |
| ११ | प्रदेश सरकारवाट प्राप्त राजश्व बाँडफाँड | ६७,०६,००० | |
| १२ | प्रदेश सरकारवाट प्राप्त विशेष अनुदान | ३०,००,००० | शशर्त |
| १३ | प्रदेश सरकारवाट प्राप्त समपुरक अनुदान | ५०,००,००० | शशर्त |
| १४ | संघीय सरकारवाट सामाजिक सुरक्षा वापतको रकम | १५,००,००,००० | शशर्त |
| १५ | प्रदेश तथा स्थानीय सरकार क्षमता विकास कार्यक्रम | ६,००,००० | शशर्त |
| १६ | गरिबसँग विश्वेश्वर कार्यक्रम मार्फत प्राप्त अनुदान | ६,००,००० | शशर्त |
| १७ | जिल्ला समन्वय समिति कोषवाट | १२,००,००० | शशर्त |
| १८ | सडक वोर्डवाट प्राप्त | ४६,९०,००० | शशर्त |
| १९ | पर्यटन उपज साझेदारी (पर्यटन मन्त्रालय) | ३५,००,०००० | शशर्त |
| २० | अ.ल्या. | ७,३८,००,००० | |
| | जम्मा | **१,०५,५८,०१,०००** | |

**उल्लेखित विनियोजन मध्ये चालु तथा पूँजीगत खर्च तपसिल बमोजिम हुने अनुमान गरेको छु ।**

**१) चालु एवम् साधारण खर्च : ५८ करोड ८ लाख ८ हजार (सामाजिक सुरक्षा भत्ता समेत) (५५.१ प्रतिशत),**

**२) पुँजीगत एवम् विकास खर्च : ४७ करोड ४९ लाख ९३ हजार, (४४.९ प्रतिशत)**

**कुल वजेट : १ अर्व ५ करोड ५८ लाख १ हजार**

**सभाध्यक्ष महोदय,**

**अन्त्यमा,**

**प्रस्तुत बजेट तथा कार्यक्रममा नगरका सबै पक्ष, क्षेत्र र समुदायलाई समेट्ने प्रयास गरिएको छ । यसको सफल कार्यान्वयनले नगरको समग्र विकासमा महत्वपूर्ण भूमिका निर्वाह हुने अपेक्षा लिएको छु । सकेसम्म वास्तविक आय र यथार्थ धरातलमा उभिएर बजेट तथा कार्यक्रमको निर्माण गर्ने कोसिस गरिएको हो । यसको सफल कार्यान्वयनका लागि सबै सरोकारवालाहरुको साथ, समर्थन प्राप्त हुनेमा पूर्ण विश्वस्त छु । साथै यो वार्षिक वजेट तथा कार्यक्रम तयारीमा महत्वपूर्ण दिशानिर्देश गर्नुहुने नगरप्रमुख ज्यू, विषयगत समितिका संयोजक लगायत सम्पूर्ण सदस्यहरु, सम्पूर्ण नगर सभा सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुमा हार्दिक कृतज्ञता व्यक्त चाहन्छु । धन्यवाद ।**

शोभा कुमारी क्षेत्री
**नगर उपप्रमुख**
फलेवास नगर कार्यपालिका

दिनाङ्क : आषाढ २६, २०७९